आज मिति २०७९ साल पौष २२ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | [signature] |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | [signature] |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | [signature] |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष | [signature] |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष | [signature] |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष | [signature] |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष | [signature] |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष | [signature] |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष | [signature] |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष | [signature] |
| १२ | श्री दल बहादुर राना | वडा अध्यक्ष | [signature] |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | [signature] |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष | [signature] |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री मोती नेपोली | कार्यपालिका सदस्य | [signature] |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | [signature] |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | [signature] |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | [signature] |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | [signature] |
| २४ | श्री कृष्ण प्रसाद जैसी | प्रमुख प्रशासकीय अधिकृत | [signature] |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | [signature] |
| २६ | अनिश शाह | अधिकृत छैठौं | [signature] |
| २७ | सुधा हमाल | अधिकृत छैठौं | |
| २८ | अमृत बहादुर पुन | अधिकृत छैठौं | |
| २९ | प्रकाश बटाला | अधिकृत छैठौं | |
| ३० | सुर्य प्रसाद लम्साल | सुचना तथा प्रविधि अधिकृत | [signature] |
| ३१ | कृति बहादुर थापा | सहायकस्तर पाचौं | [signature] |
| ३२ | राजेन्द्र बहादुर कठायत | लेखापाल | [signature] |
| ३३ | केदार कार्की | सहायकस्तर चौंथो | [signature] |

CamScanner

र्णयहरुः

१. यस नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती मिति २०७९ पौष ४ देखि ६ गते सम्पन्न नेपाल नगरपालिका संघको आठौँ राष्ट्रिय महाधिवेशनबाट केन्द्रिय सदस्यमा निर्वाचित हुनुभएकोमा वहाँको सफल कार्यकालको शुभकामना सहित हार्दिक बधाई ज्ञापन गर्ने ।

२. प्रदेश सरकार र स्थानीय तहमा संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने विशेष अनुदान सम्बन्धी समपुरक अनुदान सम्बन्धी तेश्रो संशोधन कार्यविधि २०७७ र विशेष अनुदान सम्बन्धी तेश्रो संशोधन कार्यविधि २०७७ बमोजिम स्थानीय तहबाट आ. व. २०८०।८१ मा कार्यान्वयन हुने आयोजना कार्यक्रमहरुको विवरण सहित प्रस्ताव तयार गरी २०७९ पौष मसान्त भित्र राष्ट्रिय योजना आयोगमा पठाउनका लागि सूचना प्रकाशन भएकोले कार्यविधिको मापदण्ड बमोजिम विवरण सहित देहाय बमोजिमका आयोजना कार्यक्रमहरु सम्बन्धी प्रस्तावना तयार गरी पेश गर्ने ।

तपसिलः

**संघीय समपुरक अनुदानतर्फः**

१ नगर अस्पताल निर्माण योजना वडा नं ७ स्याउली

२ जाजरकोट बसपार्क निर्माण वडा नं ३ तल्लो थाप्ले

३ रानागाउँ पाखेदह नेटीबजार हुँदै गाँडेबाँझ सडक निर्माण वडा नं ४ र ६

४ नगर आँखा अस्पताल निर्माण वडा नं ४

५ भूरचौर सिंचाई योजना निर्माण वडा नं १०

६ फुलवारी दरवार पदमार्ग भे न पा ४

**संघीय विशेष अनुदानतर्फः**

१ वालमैत्री नगर घोषणा कार्यक्रम

२ लागु औषध दुर्ब्यसन नियन्त्रण तथा रोकथामका लागि युवा जागरण तथा परिचालन कार्यक्रम

३. चालु आ. व. २०७९।८० मा संघिय सरकारको खानेपानी तथा सरसफाई सशर्त अनुदानतर्फका कार्यक्रमहरुमा देहाय अनुसार बजेट संशोधन भई आएकोले सोही बमोजिम कार्यान्वयन गर्ने कार्यालयलाई निर्देशन दिने ।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | सुरुको बजेट | घट बजेट | घट बजेट पछिको यथार्थ बजेट |
|---|---|---|---|---|---|
| १ | जगतिपुर खा.पा.आ. भेरि न.पा. ६ जाजरकोट | ३११५६ | १०००००० | ७५०००० | २५०००० |
| २ | जगतिपुर खापाआ, भीरकोट नपा ६, जाजरकोट | ३११५६ | ३००००० | २२५००० | ७५००० |
| ३ | जगती पुर , भेरी न.पा. वृहत खा.पा.आ. भेरी न.पा. ११,१२,१३ ( जाजरकोट) | ३११५६ | २०००००० | १५००००० | ५००००० |
| ४ | बाखेखोला मैदेचौर खापाआ, भेरी नपा १, जाजरकोट | ३११५६ | २०००००० | १५००००० | ५००००० |
| ५ | भेरी नपा फल्याटी - बोहरा खानेपानी आयोजना | ३११५६ | १४००००० | १०५०००० | ३५०००० |
| ६ | भेरी मालिका खानेपानी तथा सरसफाई आयोजना, भेरीमालिका न.पा. वडा नं. ११ (जाजरकोट) | ३११५६ | १५००००० | ११२५००० | ३७५००० |
| ७ | सुनारबाडा खापाआ, भेरी नपा -२, जाजरकोट | ३११५६ | २०००००० | १५००००० | ५००००० |
| ८ | स्यालापानी घरेलीखेत टुनी खा.पा.आ. जगतिपुर भेरी न.पा. | ३११५६ | ३००००० | २२५००० | ७५००० |
| | जम्मा | | १०५००००० | ७८७५००० | २६२५००० |

४. यस नगरपालिकाका केही वडा तथा बस्तीहरुमा आधारभुत सरसफाई तथा स्वच्छ खानेपानीको समस्या रहेको र नगरपालिकालाई उपलब्ध बजेट श्रोतबाट आवश्यकताअनुसार खानेपानी तथा सरफाई सम्बन्धी समस्या समाधान गर्न कठीन भएको हुँदा खानेपानी तथा सरसफाई क्षेत्रमा रहेका समस्याहरुको दिगो समाधानका लागि यस नगरपालिकामा आ. व. २०७९।८० देखि कार्यक्रम संचालन गरिदिन लागत साझेदारीमा कार्य गर्न नगरपालिका प्रतिवध्द रहेको जानकारी सहित एकीकृत जलश्रोत ब्यवस्थापन कार्यक्रम WARM-P हेल्भीटास नेपाललाई अनुरोध गर्ने ।

५. चालु आ. व. २०७९।८० का लागि प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ स्वीकृत बजेट अनुसार देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु संचालनका लागि स्वीकृत गर्ने र योजना सिफारिस गरी हाल सम्म नपठाएका वडा नं ४ र ६ ले ७ दिनभित्र नगरपालिकामा पठाउने ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम आ व २०७९।०८०**

| वडा नं | क्र सं | आयोजनाको नाम | विनियोजित वजेट |
|---|---|---|---|
| १ | १ | घरेली वडा देखि कोलचौर सम्म गो वा निर्माण | २००००० |
| | २ | चौरपाखा देखि घुयलनेटा हाक्ने मेला सम्म गो वा निर्माण | ३५०००० |
| | ३ | तिनगार साङटा झोलुङ्गे पुल देखि डौरी काडा सम्म गो वा | ३७४००० |
| २ | १ | बाहुनथाना गैदारा खानेपानी मर्मत | २००००० |
| | २ | तल्लो साङटा देखि तिमिले पुजारे पाख्रो गोरेटो बाटो | ४००००० |
| | ३ | सुनारबाडा देखि त्रि आ वि जोड्ने गोरेटो बाटो | ४००००० |
| ३ | १ | सिध्दपाइला होटल देखि वरदाइराको रुख हुदै गरेली खोला जाने वाटो मर्मत | ५२४००० |
| | २ | कोइरेली ठुलो सिमल हुदै कोट खोला पुल सम्म वाटो | ४००००० |
| ५ | १ | श्री ज्ञानोदय प्रा वि इवरको भवन निर्माण | ९२४००० |
| ७ | १ | सामुदायिक भवन डौरेखोला | ३२४००० |
| | २ | चन्द्रज्योति आ वि फिल्ड निर्माण | ३००००० |
| | ३ | गोपेखोला गौँथले मिथेंग्रा सिंचाई कुलो निर्माण | ३००००० |
| ८ | १ | कल्लगरा देखि काडागिमा खा पा योजना | ५००००० |
| | २ | घंघार गेलेचोर काफलचौर लिफ्ट खा पा योजना | ४२४००० |
| ९ | १ | दिपेन्द्र उच्च मा वि खा पा योजना | ३००००० |
| | २ | नेरा आ वि अधुरो भवन निर्माण | ३२४००० |
| | ३ | सुर्यज्योती आ वि देखि सिमली खोला सम्म गो वा | ३००००० |
| १० | १ | कार्कीटोल देखि स्याउली वजारसम्म अधुरो सडक निर्माण | ९२४००० |
| ११ | १ | मछैना देखि मदनशिमल सम्म गो वा निर्माण | ३०८००० |
| | २ | मन्जित रोकायाको घरदेखि इवरगार्ड पुलसम्म स्तर उन्नती | ३०८००० |
| | ३ | विषाल टुनि गो वा निर्माण | ३०८००० |
| १२ | १ | चापटा डाडा देखि धाइरा हुदै खोद्दा खोलासम्म गो वा निर्माण | ६००००० |
| | २ | भनारीगाउँ कैनखेतदेखि वेलगार सम्म गो वा निर्माण | ३२४००० |
| १३ | | मेलसोता देखि उपाध्यागाउ सम्म सडक निर्माण योजना | ९२४००० |

६. यस नगरपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ रिक्त रोजगार सहायक पदपुर्ती सम्बन्धमा मिति २०७९।६।६ गते प्रकाशित विज्ञापन सूचना अनुसार दरखास्त पेश गर्ने उमेदवारहरुमध्ये छनौट सम्बन्धी सबै प्रक्रिया पुरा गरी पदपुर्ती समितिबाट सिफारिस भई कार्यालयको मिति २०७९।०८।२० को निर्णयानुसार नियुक्ति भएका रोजगार सहायक श्री प्रकाश राना मगरको नियुक्ति अनुमोदन गर्ने।

७. भेरी नगरपालिका वडा नं. ३ निवासी सोविना मल्लले ऐ नपा ऐ वडाको माथिल्लो थाप्लेमा रहेको दरवार क्षेत्रलाई निजि होमस्टे संचालनका लागि दर्ता गरीपाउँ भनी निवेदन पेश गरेकोले कर्णाली प्रदेश सरकारको होमस्टे संचालन तथा ब्यवस्थापन कार्यविधि २०७५ को बुँदा नं. ४ को २ बमोजिम होमस्टे दर्ताका लागि स्थलगत निरिक्षण गरी मापदण्ड पुरा भए नभएको सम्बन्धमा प्रतिवेदन पेश गर्न वडा नं. ९ का वडा अध्यक्ष हिरा शर्मालाई संयोजक तोक्ने।

८. भेरी नगरपालिकाको गैरसरकारी संस्था परिचालन तथा ब्यवस्थापन निर्देशिका २०७६ को बुँदा नं ७ अनुसार गैसस समन्वय समितिको संयोजकमा नगर प्रमुख रहने उल्लेख भएकोमा संशोधन गरी नगर उपप्रमुख भन्ने प्रावधान राख्ने।

९. यस नगरपालिकाको आ. व. २०७८।७९ को संस्थागत क्षमता स्वमुल्यांकन (LISA) मा ५५.७५ र वित्तिय सुशासन जोखिम मुल्यांकन (FRA) मा ७१ अंक प्राप्त गरेको ब्यहोरा जानकारी भयो। स्वमुल्यांकनमा सन्तोषजनक उपलब्धी हासिल नभएका शाखाहरुलाई सुधार गर्न निर्देशन दिने।

१०. मिति २०७९।८।४ मा सम्पन्न निर्वाचनका सन्दर्भमा मतदाता शिक्षा कार्यक्रमका लागि परिचालन गरिएका स्वास्थ्य स्वयंसेविकाहरुलाई मतदाता शिक्षा कार्यक्रम निर्देशिका २०७९ अनुसार यस नगरपालिकाले उपलब्ध गराउनुपर्ने भत्ता उपलब्ध गराउनका लागि आवश्यक रकम रु २,१४,०००।– दुई लाख चौध हजार रुपैयाँ र पूर्णखोपयुक्त पालिका घोषणाका लागि गरिएको कार्यक्रमको भुक्तानी बाँकी रकम रु ६००००।– साठ्ठी हजार रुपैयाँ निशर्त अनुदानको चालु कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने।

११. यस नगरपालिकामा नयाँ निर्माणका लागि नक्शा पास गर्न पुराना भवनहरुको अभिलेखिकरण कार्यविधि मस्यौदा अध्ययन गरी कार्यपालिकाको आगामी बैठकमा पेश गर्न तपसिल बमोजिमको समिति गठन गर्ने।

| | | |
|---|---|---|
| क. दिपक राना | अध्यक्ष वडा नं १ | संयोजक |
| ख. लिला बहादुर शाह | अध्यक्ष वडा नं ३ | सदस्य |
| ग. बसन्त प्रसाद शर्मा | अध्यक्ष वडा नं ४ | सदस्य |
| घ. मोहन मल्ल | ईन्जिनयर | सदस्य |
| ङ. प्रकाश कुमार शाही | कानून अधिकृत | सदस्य |
| च. केशव राज पुन | अमिन | सदस्य |

१२. यस नगरपालिका अन्तर्गत संचालन भईरहेको झोलुंगे पुल कार्यक्रमको सामाजिक परिचालन तथा प्राविधिक सहजिकरणका लागि साझेदार संस्थाको रुपमा कार्यरत पहाडी क्षेत्र विकास अभियानसंगको सम्झौता अवधि समाप्त भएकोले साविककै सम्झौताका शर्त तथा पुल कार्यक्रमको निर्देशिका बमोजिम कामकाज गर्ने गराउने गरी म्याद समाप्त भएको मितिले लागु हुने गरी तीन बर्षलाई सम्झौता नवीकरण गर्ने।

१३. यस नगरपालिका र पहाडी क्षेत्र विकास अभियानको साझेदारीमा संचालन भईरहेको बाल संवेदनशील अभिभावकत्व कार्यक्रम संचालनका लागि साझेदारी सम्झौता अनुसार आ. व. २०७९।८० को लागि आवश्यक रकम रु १०,०००,००।– दश लाख रुपैयाँ समपुरक अनुदानतर्फ बिनियोजित रकमबाट उपलब्ध गराउने।

१४. विभिन्न रोगबाट प्रभावित भई उपचार गर्न असमर्थ तथा विपद् बाट प्रभावित ब्यक्तिहरुलाई रु २०,०००।– बीस हजार रुपैयाँसम्मको उपचार खर्च एवं राहत रकम विरामीहरुको अवस्था र विपद्को प्रभाव हेरी नगरप्रमुखज्यूको आदेशानुसार उपलब्ध गराउने।

१५. वडा नं ४ को कार्यालय रहेको भवन साँघुरो भई सेवा प्रवाहमा समस्या भएकोले घर भाडामा लिनुपर्ने भएकोले गैरीखाली देखि नेपाल बैंक लिमिटेड सम्म र उद्योग बाणिज्य संघ देखि ट्राफिक बीटसम्म घर भाडामा लिनको लागि वडा कार्यालयलाई अनुमति दिने।

१६. यस नगरपालिकाको घ वर्गको निर्माण ब्यवसायि ईजाजत पत्र इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम मापदण्ड तथा प्रक्रिया पुरा गरी निवेदन पेश गरेका तपसिलमा उल्लेखित फर्मलाई नियमानुसार लाग्ने शुल्क लिई निर्माण ब्यवसायि ईजाजत पत्र प्रदान गर्ने।

CamScanner

क. मकर डेभलपर्स प्रा लि भेरी न पा वडा नं ४ जाजरकोट

१७. कर्णाली प्रदेश सरकार आर्थिक विकास तथा योजना मन्त्रालयबाट यस चालु आ व मा शिव शंकर मावि भेनपा वडा नं ४ जगतिपुरको ६ कोठे भवन निर्माणका लागि रु ४०,०००,००।– चालिस लाख रुपैयाँ स्वीकृत भई आएकोमा उक्त रकमबाट ६ कोठे भवन निर्माण गर्न अपुग हुने भएकोले सो रकमबाट सोही विद्यालयको अन्य आवश्यक भौतिक पुर्वाधार निर्माण गर्ने गरी शिर्षक परिवर्तन गरि स्वीकृत गरिदिन कर्णाली प्रदेश सरकार आर्थिक विकास तथा योजना मन्त्रालयमा अनुरोध गर्ने ।

१८. यस नगरपालिकाको हिउदे अधिवेशन (नगर सभा) २०७९।१०।२७ गते देखि आरम्भ गर्ने ।

१९. स्थानीय तहको भूमीहिन सुकुम्वासि तथा अव्यवस्थित बसोवासिको लगत संकलन इकाई प्रमुख कानून अधिकृत प्रकाश कुमार शाहीलाई तोक्ने।

२०. पाँचतारा युवा संरक्षक मंच जाजरकोट र वर्ल्डभिजन इन्टरनेशनल नेपालको साझेदारी तथा यस नगरपालिकाको समन्वयमा संचालित समावेशी गुणस्तरीय शिक्षा, संरक्षण, सामुदायिक संलग्नता बाल प्रायोजित परियोजना निर्माणको क्रममा पालिका स्तरीय भेलाबाट तर्जुमा गरिएको ***शिक्षा, स्वास्थ्य संरक्षणको पहुँचमा बालबालिका, सभ्य र सुसंस्कृत र सुशासनयुक्त पालिका निर्माण*** को भिजन अनुमोदन गर्ने ।

२१. भू उपयोग ऐन २०७६ को दफा १८ बमोजिम स्थानीय भू उपयोग परिषद्ले भू उपयोग ऐन २०७६ र नियमावली २०७९ ले तोकेको मापदण्डको आधारमा जग्गाको बर्गिकरण गरिसकेपछि मात्र स्थानीय तहले कित्ताकाट प्रयोजनको लागि सिफारिस गर्नुपर्ने र सोही आधारमा कित्ताकाट गरी हक हस्तान्तरण लिखत पारीत गर्न सकिने प्रावधान अनुसार यस नगरपालिका क्षेत्रमा रहेको जग्गा कार्यपालिकाको यस भन्दा अघिल्लो बैठकको निर्णयानुसार गरिएको जग्गाको बर्गिकरण र तोकेको मापदण्डमा केही स्थानमा फरक पर्न गएको देखिएकोले संघिय भू उपयोग परिषदले गरेको बर्गिकरण र सोको आधारमा तयार पारेको स्याटेलाईट नक्शाको आधारमा तोकिएको मापदण्डमा फरक नपर्ने गरी जिल्ला नापी तथा मालपोत कार्यालयसंगको सहयोग तथा सहकार्यमा स्थलगत रुपमा वडास्तरमा गई जग्गाको बर्गिकरण तथा नक्शांकन गरी यथाशिघ्र पेश गर्न कार्यालयलाई निर्देशन गर्ने ।

२२. यस नगरपालिकाको आ व २०७९।८० को स्वीकृत कार्यक्रम अनुसार जिन्सी व्यवस्थापन शिर्षकमा विनियोजित रकम रु ६५ लाख मध्येबाट कार्यालयको प्रयोजनको लागि आवश्यक १४ थान मोटरसाईकल खरिद प्रक्रिया प्रचलित कानून अनुसार अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

२३. क्यास्पियन भ्याली सेकेन्डरी स्कुल कुमारीपाटी ललितपुरमा हाल कक्षा १२ मा अध्ययनरत भेरी नगरपालिका वडा नं ४ निवासि छात्रा एलिसा परियार गरिव तथा जेहेन्दार दलित छात्रा भएकी र घरको कम्जोर आर्थिक अवस्थाका कारण निजको अध्ययनमा समस्या भई कक्षा ११ देखि यस नगरपालिकाको छात्रबृत्ती सहयोगमा अध्ययन गरिरहेकोमा कक्षा १२ को अध्ययन शुल्क छात्रबृत्ती बापत सहयोग उपलब्ध गराईपाउँ भनी निवेदन पेश गरेकीले निजको आर्थिक अवस्था तथा अध्ययनको निरन्तरतालाई समेत मध्येनजर गरी रु ८०,०००।– असी हजार रुपैयाँ मात्र राजश्व बाँडफाँडतर्फको कार्यक्रम खर्च शिर्षकबाट खर्च लेख्ने गरी छात्रबृत्ती उपलब्ध गराउने ।

२४. चालु आ. व. २०७९।८० को स्वीकृत बार्षिक कार्यक्रमको बुँदा नं १ वडा समपुरकतर्फ मा वडा नं ४ को लागि समपुरक तथा अन्य आयोजना शीर्षकमा विनियोजित रकम रु २०,०००,००।– बीस लाख रुपैयाँ वडा समितिबाट बिनियोजित भई आएको योजनाहरु कार्यान्वयन गर्ने ।

२५. यस नगरपालिका अन्तर्गत नयाँ निर्माण हुने वडा नं. १, २, ५, ६, ७, १०, १२ का भवनहरुको ड्रईङ डिजाईन र कुल ईष्टिमेट सम्बन्धमा जानकारी भयो । कूल ईष्टिमेट रकम मध्ये यस आ व मा शहरी सुशासन तथा विकास कार्यक्रमबाट रु २०,०००,००।– बीस लाख र न. पा. समानीकरण अनुदानबाट विनियोजित रु ३०,०००,००।– तीस लाख गरी जम्मा ५०,०००,००।– पचास लाख रुपैयाँ मात्रको काम अघि बढाउने।

२६. यस नगरपालिकाको आ. व. २०७९।८० को विनियोजित वजेटको निशर्त तर्फको स्वास्थ्य शाखा अन्तर्गत करार कर्मचारीको पारीश्रमिक शिर्षक नं. ९ बाट खर्च गर्ने गरी असिष्टेन्ट ल्याव टेक्निसियन चौथो तहमा २ (दुई) जनालाई यस नगरपालिकाको जगतिपुर र भूर स्वास्थ्यचौकीका लागि करार सेवामा प्राविधिक कर्मचारी ब्यवस्था गर्ने सम्बन्धी कार्यविधि २०७५ अनुसार प्रतिष्पर्धा गराई पदपूर्ती समितिबाट सिफारिस भई आउनेलाई मासिक रु २१,०००।– एक्काईस हजार रुपैयाँ मात्र पारिश्रमिक पाउने गरी सम्झौता गरी कामकाजमा खटाउन कार्यालयलाई अनुमति दिने ।

CamScanner